सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

**सम्बत् २०८१ साल पुस ०८ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को १९७ औं वैठकले गरेको निर्णय-**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -**

क) स्थानीय तहबीचको सीमा विवाद समाधानका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

ख) प्रदेश निजामती सेवा नियमावली, २०८१ को मस्यौदा उपर प्रदेश लोक सेवा आयोगको परामर्श माग गर्ने ।

२. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय-** प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाईको म्याद थप र इकाई सञ्चालन कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा मन्त्रिपरिषद्को आर्थिक, सामाजिक तथा पूर्वाधार समितिबाट निर्णय हुने गरी सो समितिमा पठाउने।

३. **आर्थिक मामिला मन्त्रालय-** अस्थायी संगठन संरचना र दरवन्दी तेरिज स्वीकृत गर्ने ।

४. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**- सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, धनगढी, कैलालीको रजिष्ट्रार अधिकारी तोक्ने सम्बन्धमा।

५. **भौतिक पूर्वाधार विकास मन्त्रालय-** आ.ब. २०८१/८२ का लागि जनता आवास आयोजनातर्फको अस्थायी संरचना र सोका लागि आवश्यक पर्ने अस्थायी दरबन्दी तेरिज स्वीकृत गर्ने ।

६. **सामाजिक विकास मन्त्रालय-** सुदूरपश्चिम प्रदेश वादी उत्थान छात्रवृत्ति वितरण कार्यविधि, २०८१ स्वीकृत गर्ने ।